# नेपाल पत्रकार महासंघ

# Federation of Nepali Journalists (FNJ)

## केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मितिः २०७७।०५।२१

### प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ काभ्रे शाखाका सदस्य एवं राष्ट्रिय समाचार समितिका वरिष्ठ सम्वाददाता राजराम कार्कीमाथि भक्तपुरको सूर्यविनायक नगरापालिका-१० घर भई साँगास्थित नेपाल प्रहरीको स्कूलमा शिक्षकको रुपमा कार्यरत उद्धव कार्कीले कुटपिट गरी घाइते बनाएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

महासंघ काभ्रे शाखाका अनुसार आज विहान ९:३० बजे बनेपा नगरपालिका-८ बसपार्क नजिकैको हार्डवेयर पसलमा घरायसी सामान खरिद गर्ने क्रममा निज उद्धव कार्कीले पुरोना हिसाव किताव गर्नु छ भन्दै पत्रकार कार्कीमाथि सोही पसलमा रहेका सामग्रीले एक्कासि टाउको र शरीरका विभिन्न भागमा प्रहार गरी घाइते बनाएका थिए ।

कुनै पनि बहानामा पत्रकारमाथि यस किसिमले आक्रमण हुनु आफैंमा निन्दनीय र प्रेसविरोधी काम हो । महासंघ पत्रकारलाई त्रसित बनाउने अपराधिक कार्यमा संलग्न कार्कीमाथि कानुनी कारबाही गरी पत्रकारलाई सुरक्षाको प्रत्याभूति दिलाउन र निर्वाध रुपमा काम गर्ने वातावरण मिलाउन महासंघ सम्बन्धित निकायसँग माग गर्दछ ।

साथै, महासंघ घाइते पत्रकार राजाराम कार्कीको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

रमेश विष्ट
महासचिव